**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ अक्तूबर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. चक्रवात दाना को सम्भावित प्रभावाई ध्यानमा राख्दै मुख्यमंत्री ममता व्यानजीले राजयका जनतााई सतर्क रहन र अफवाहमा ध्यान नदिन आग्रह गर्नु भएको छ।जीटिए क्षेत्रमा यको असर देखिन्दै छ तथा रोन्दै हल्का वर्षा भईरहेको छ।

२. आज गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनको पाँचौ सभ सम्पन्न भएको छ। बैइकमा ५६ वटा विभग जीटिए कानून अनुसार जीटिएमा हस्तान्तरण गरिनुपर्ने प्रसताव पनि पारित गरिएको छ।

३. खरसांग नगरपालिकाद्वारा खरसांगशहरको फोहोर मैला सेगरिगेट गरी फोहोर मैलालाई सदुपयोग गर्नलाई आजदेखि ट्रिटमेन्ट प्लान्ट निमार्णको कार्य शुरू गरिएको छ

४. प्रधानमंत्री नरेन्द्र मोदीको अध्यक्षतामा आज केन्द्रिय मंत्री परिषदको बैठक भयो जसमा मेट्रो र्स्माट सिटि , विमान स्थल र सड़क संबधित विषयमा महत्वपूर्ण निणर्य गरिएको छ।

५. नेपालमा राष्ट्रिय स्वतंत्र पार्टीका अध्यक्ष अनि भूतपूर्व उप-प्रधान मंत्री रवी लामिछानेलाई एक स्थानीय अदालतले ७ दिने पुलिस हिरासतमा पठाएको छ।

पुऱ्याईयो।

**चक्रवात 'दाना- पश्चिम बंगल**

चक्रवात 'दाना' को सम्भावित प्रभावलाई ध्यानमा राख्दै मुख्यमन्त्री ममता बनर्जीले राज्यका जनतालाई सतर्क रहन र अफवाहमा ध्यान नदिन आग्रह गर्नु भएको छ। चक्रवात ओडिशाको तटतिर बढे पनि बंगालमा पनि असर पर्ने उहाँले बताउनु भयो।मुख्यमन्त्रीले नवन्नको हेल्पलाइन नम्बर (०३३) २२१४३५२६ जारी गर्दै बिहीबार राति नवान्न मै बसेर त्यहाँबाट अवस्थाको जायज लिने बताउनु भयो| विपद् व्यवस्थापनका लागि ८५१ शिविर स्थापना गरिएकोमा ८३ हजार ५ सय ८३ जनाले आश्रय लिएको मुख्यमन्त्रीले जानकारी दिनुभयो। हेल्पलाइन हर समय सञ्चालनमा रहने छ।हाल सागरद्वीपबाट २७० किलोमिटर टाढा रहेको चक्रवात 'दाना' बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म तटीय क्षेत्रमा ठोक्किने सम्भावना छ। मुख्यमन्त्री ममता बनर्जीले स्थितिको निरन्तर निगरानी गरिरहनु भएको छ। यस चक्रवती तुफानले गर्दा तटीय जिल्लाहरुमा सियाल्दादेखि गुड्ने लोकल ट्रेनहरुलाई रद्द गरिएको छ साथै सम्बन्धि ९ जिल्लाहरुमा भोलि स्कुलहरु बन्द राखिएको छ| दाना समुन्द्री तुफानले गर्दा दार्जीलिङ पहाड अर्थात् जी टि ए क्षेत्र अनि तराई डुवर्समा आज मौसम निकै बदलिएको छ, आकाशमा बादल छाएको छ, तापमान निकै घटेर गएको छ अनि पहाडमा आज बिहानदेखि रोकिंदै हल्का वर्षा भइरहेको छ|

****** ० ******

**जिटिए सभा**

आज जिटिए प्रमुख कार्यपाल अनित थापाको उपस्थितिमा जिटिएका सम्पूर्ण सभासद्हरूलाई लिएर दार्जीलिङ गोर्खा रंगमंच भवनको जिटिए सभा प्रेक्षा गृहमा जिटिएको पाँचौं बैठक सम्पन्न भएको छ। चौथो पल्ट बसेको वैठकले शक्तिशाली जीटाए गठनार्थ सर्वसम्मत प्रस्ताव पारित गरेको जानकारी छ। यसलाई थप दिशा प्रदान गर्न निर्वाचित सभासदहरुलाई लिएर समिति गठन

गरिने बताइएको छ। बैठकमा ५९ वटा  बिभाग जीटीए एक्ट अनुसार जीटीएमा हस्तान्तरण गरिनु पर्ने प्रस्तावलाई पारित गर्यो। यसका निम्ति ७ जना सभासदको एउटा टोलि गठन गरिने पनि प्रस्ताव पारित गरियो ।अर्कोतिर आजको बैठकले जीटीएअन्तर्गत रहेका दुईवटा पार्किङ प्लाजाहरुको नामकरण भाषा संग्रामी देवराज शर्मा अनि कृष्ण सुब्बाको नाउँमा गरिने प्रस्ताव अनुमोदन गरिएको जीटीए सभा चियरम्यान अञ्जुल चौहानको भनाइ छ। गोर्खा रङ्गमञ्च भवन सभागृह चियरम्यान अञ्जुल चौहानको सभापतित्वमा सम्पन्न  उक्त सभामा जीटीए मुख्य कार्यपाल अनित थापा, डेपुटी चियरम्यान राजेश चौहानलगायत अन्य सभासदहरुको साथमा प्रतिपक्षी दलका निर्वाचित सभासद अजय एडवार्डस्, निर्दल सभासद विनय तामाङ मुख्यरुपले उपस्थित थिए। लगभग ३ घण्टा अधिक चलेको उक्त बैठकमा पारित प्रस्तावलगायत पुरानो प्रस्तावहरुमाथि जानकारी गराउँदै पछिल्लो बैठकहरुबीच पारित प्रस्तावहरुमाथि काम भइरहेको अञ्जुल चौहानले मिडिया सम्बोधनमा अवगत गराउनु भयो।

****** ० ******

**एडवर्डस-जिटीए**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको पाचौ सभा आज सम्पन्न भयो भने बिपक्षका नेता अजय एडवर्डसले चियाबारी समस्यामाथि जिटिएको ध्यान केन्द्रीत हुनु पर्नेमा जोड दिनु भयो। श्री एडवर्डसले सभाको एजेन्डामा चियाबारी अनि टिस्टा अपदा नरहेको तर आफूहरुले अनुरोध गरेपछि चियाबारी बिषयमा चर्चा भएको उल्लेख गर्नु भयो। सभापछि पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एडवर्डसले चियाबारी श्रमिकहरुको बोनसलाई लिएर भएको आन्दोलनमा जीटिए सभाका चियरमैन अन्जुल चौहानले श्रमिक भवन परिसरमा नारा लगाउनु दुर्भाग्यपूर्ण रहेको भन्दै चियाबारीको पर्जापट्टाको समेत मुद्दा उठाउनु भयो।

****** ० ******

**आरजी कर घटनाको विरोध**

आरजी कर घटनाको विरोधमा साथै घटनाको सीबीआई जाँच चाँडो पूरा गरिनु पर्ने माग गर्दै द नाइट इज आवर्स समूहका सदस्यहरूले आगामी 26 अक्टोबर पदयात्रा निकाल्ने भएका छन्। आज संगठनका सदस्यहरूले एउटा पत्रकार सम्मेलन गरेर यस विषयमा जानकारी दिए। संस्थाका तर्फबाट रुखफा खातूनले भनिन्, यदि मानिसहरूलाई निष्पक्षताको आधारमा न्याय प्राप्त भयो भने बलात्कृत जस्ता घटनाहरूलाई रोक्न सकिन्छ। हाम्रो आन्दोलन धेरै समय बितिसक्दा पनि अभयाले उचित न्याय प्राप्त गर्न सकेकी छैनन्।पदयात्रा सिलगढीको बाघाजतिन पार्कबाट सुरु हुनेछ। उक्त पदयात्रामा सिलगढी अनि संलग्न इलाकाका धेरै मानिसहरू सहभागी हुनेछन्।

****** ० ******

**गोर्खा मेला**

लेट्स गो फाउन्डेसनले मिरिकमा आगामी २७ देखि २९ अक्टोबरसम्म गोर्खा मेला आयोजना गर्ने भएको छ । मेला मिरिकको गोर्खे रैथाने हाट स्थलमा हुने प्रतिष्ठानका सचिव पंकज प्रधानले जानकारी दिएका छन्। मेलामा गोर्खा जातिसित आबद्ध खानपिन तथा पहिरन आदिको प्रदर्शन हुनेछ| दशैँको अवसरमा पनि फाउन्डेसनले दुइ दिवसीय मेलाको आयोजन गरेको थियो|

**आयुर्वेद दिवस**

नवौं आयुर्वेद दिवसको अवसरमा क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान (RARI), गान्तोकले आज सरकारी माध्यमिक विद्यालय, तादोङमा एक जीवन्त र जानकारीमूलक कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा माध्यमिक तथा उच्च माध्यमिक तहका विद्यार्थीहरुको सहभागिता रहेको थियो । यस कार्यक्रममा 125 विद्यार्थीहरूले समग्र स्वास्थ्यका लागि आयुर्वेदिक सिद्धान्तहरू प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न गतिविधिहरूमा सक्रिय रूपमा भाग लिए। कार्यक्रमको सुरुवात अनुसन्धान अधिकृत (आयुर्वेद) डा श्रीलक्ष्मी आर.एस. द्वारा "आयुर्वेदिक दृष्टिकोणबाट स्वस्थ जीवन शैली" सम्बन्धी जागरूकता व्याख्यानबाट सुरु भयो। डा. श्रीलक्ष्मीले दैनिक दिनचर्या (दिनाचार्य), मौसमी नियम (ऋतुचार्य) र स्वस्थ आहारको महत्त्वमा ध्यान केन्द्रित गर्दै आयुर्वेदिक अभ्यासहरू मार्फत सन्तुलित जीवन जिउने महत्त्वलाई प्रकाश पर्नु भएको थियो।

**तावंग म्याराथन**

दोस्रो अन्तर्राष्ट्रिय तावंग म्याराथन आज समापन भएको छ| अरुणाचल प्रदेश सरकार अनि भारतीय सेनाको संयुक्त आयोजनमा भएको म्याराथनमा २७ राज्य अनि दुइ मैत्री देशका चार हजार पाच सय अस्सी धावकहरु सहभागी बने जसमा एक हजार एक सय ९९ महिलाहरु रहेका थिए| मुम्बईका ८० बर्षिय धावकको सहभागिताले म्याराथनको लोकप्रियता झाल्काएको छ|

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिकाद्वारा खरसाड शहरको फोहोर मैला सेगरिगेट गरी फोहोर मैलालाई सही रुपमा सदुपयोग गर्नलाई आजदेखि ट्रिटमेन्ट प्लान्ट निर्माणको कार्य शुरू गरिएको छ। पहिलो चरणमा जमीनलाई समतल बनाउने अनि सेगरिकेट गरिने जग्गा निर्माण गरिनेछ। उक्त कार्य १८० दिनभित्र पूर्ण गरिने भएको छ। उक्त कार्यको लगानी ९६ लाख १२ हजार २७० रूपियाँ रहेको छ। उक्त कार्यको लागि आज भूमि पूजा गरी कार्यको श्रीगणेश गरिएको छ। खरसाङ नगरपालिका क्षेत्रका फोहोर मैलाहरू फ्याँक्ने ठाउँ सुन्तले पाखामा ट्रिटमेन्ट प्लान्टको निर्माण कार्य आजदेखि नै शुरु गरिएको छ। पहिलो चरणमा 25 गुणा 30 मीटरको चौड़ादार ठाउँ बनिने अनि दोस्रो चरणमा फोहोर मैला सुक्खा र गिलो छुट्टाएर राख्ने ठाउँ निर्माण गरिने भएको जानकारी प्राप्त भएको छ। उक्त कार्य विषयमा फिफ्टिन फाईनेन्समार्फत् एसडब्ल्युएम प्रोजेक्टबाट शुरु गरिएको जानकारी प्राप्त भएको छ। यस अवसरमा आज खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान लगायत नगरपालिकाको अभियन्ताहरू पुगेर निरीक्षण गरेर शिलान्यास गरेर आजदेखि नै काम पनि शुरु गरिएको छ।

****** ० ******

**नेपाल -रवि लामिछाने हिरासत**

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा भुतपूर्व उपप्रधानमन्त्री रवि लामिछानेलाई कास्की जिल्ला अदालतले थप ७ दिनको हिरासतमा पठाएकोछ। सहकारीको बचत रकम हिनामिना गरेको आरोपमा रवीलाई पक्राउ गरिएको हो ।जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको अदालतले रवि लामिछानेलाई थप ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न पुलिसलाई अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिएका छन् ।लामिछानेलाई अनुसन्धानका लागि विगत दिनमा पक्राउ गरिएको थियो ।यसरी नै सोही मुद्दामा पक्राउ परेका पूर्व नायव महानिरीक्षक छविलाल जोशीलाई पनि थप सात दिनको हिरासतमा राखिएको छ ।

****** ० ******

**डाक्टर ग्राम होम**

कालेबुङ डाक्टर ग्राम होमको आयोजनामा एङ्ग्लो इन्डियन इन्टर स्कूल एथलेटिक्स प्रतियोगिता रोनासे मैदानमा सम्पन्न गरिएको छ।कार्यक्रमममा डाक्टर ग्रामस् होमसका प्रिन्सिपल निल मन्टेरो मुख्य अथितिका रूपमा उपस्थित रहनु भएको थियो। कालेबुङ, दार्जीलिङ लगायत खरसाङका एङ्लो इन्डियन स्कुलहरू माझ उक्त प्रतियोगिता सम्पन्न भएको हो। कार्यक्रममा विभिन्न चरणमा प्रतियोगिता सम्पन्न भएको थियो भने बिहीबार उक्त प्रतियोगिताको महिला वर्गको अन्तिम खेल सम्पन्न भएको हो। उक्त प्रतियोगितामा दार्जिलिङ माउन्ट हर्मन खरसाङबाट दौडिल स्कुल, गोथल मेमोरियल स्कुल कालेबुङबाट डाक्टर ग्रामसोम कन्भेन्ट स्कुलहरूले सहभागिता जनाएका थिए। प्रतियोगितामा विभिन्न वर्गको खेल सम्पन्न भएको थियो। जसमा विभिन्न दौड हाइजम लङ्गजम लगायत अन्य विभिन्न खेलहरू सम्पन्न भएको हो। अर्कोतिर पुरुष वर्गको यस्तै प्रकारको विभिन्न खेलहरू आउँदो २६ अक्टोबरको दिन उक्त मैदानमा नै सम्पन्न गरिने भएको छ। विगत धेरै वर्षदेखि उक्त ६ वटा स्कुलहरूमाझ खेल सम्पन्न भइरहेको थियो भने यस वर्ष भने कालेबुङले उक्त खेल आयोजना गर्ने अवसर प्राप्त गरेको हो।

****** ० ******

**मिरिक कलेज**

मिरिक कलेजमा बिहीबार एउटा कार्यक्रमको आयोजना गरेर मिरिक कलेजमा नयाँ भर्ना हुने विध्यार्थीहरूलाई स्वागत अनि कलेजमा अध्यान सक्ने विध्यार्थीहरूलाई बिदाई गरियो। मिरिक कलेजका प्राचार्य नीमा लामाको अध्यक्षतामा भएको कार्यक्रमका मूख्य अतिथि मिरिक नगरपालिका अध्यक्ष एलबी राई उपस्थित थिए। माता सरस्वतीको प्रतिमामा दीप प्रज्वलन गरेपछि शुरू भएको कार्यक्रममा विध्यार्थीहरूले मनोरन्जनात्मक कार्यक्रम प्रस्तुत गरेका थिए|

****** ० ******

## मिरिकमा अन्तरक्रियात्मक कार्यक्रम

मिरिकको प्रेमचन्द ग्रामीण पुस्तकालयमा दार्जिलिङ जर्नल पब्लिकेशनको आयोजनामा भारत नेपाल साहित्यिक स्रष्टाहरू माझ अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमको अध्यक्षता मिरिक साहित्य सुनौं परिवार मिरिकका अध्यक्ष राजबहादुर राईले गर्नुभएको थियो। अमेरिका हुँदै नेपालबाट भ्रमणमा आएका साहित्यकार लघु कथाकार खेमराज पोख्रेल प्रमुख अतिथिको रुपमा रहेको कार्यक्रममा नेपालका लघुकथाकार शारदा भण्डारी विशिष्ट अतिथि रहनुभएको थियो। विशिष्ट अतिथिहरुमा दार्जिलिङ महाविद्यालयका प्राध्यापकद्वय विनेश प्रधान र कविर बस्नेत,मिरिक नगर पुस्तकालय अधिकारी शीला गुरुङ,शुशीला पोख्रेल, साहित्य सुनौं परिवार मिरिकको सह सचिव अमर दुङमाली लगायतको उपस्थिति रहेका थिए।अन्तरक्रिया कार्यक्रममा विचारक अजित वियोगीले भाषा र ए-आइले वर्तमान समयमा साहित्य सिर्जनामा के कस्ता अवसर वा असर दिइरहेको छ भन्ने प्रश्नमा खेमराज पोख्रेलले आफ्नो विचार राख्नुभएको थियो।कार्यक्रममा साहित्यको उत्थानमा दार्जीलिङ र नेपालको विविध पक्षहरुमा चर्चा परिचर्चा गरिएको थियो भने कार्यक्रममा कविता,लघुकथा वाचन पनि गरिएको थियो।

****** ० ******